**Spectrum of Humanities & Social Sciences**
Volume 1, Issue 1, April 2025
ISSN 3059-9849 (Print)
Published by Graduate School of Humanities and Social Sciences
Mid-West University, Birendranagar, Surkhet, Nepal
https://muodgshss.edu.np

***Peer Reviewed Article***

# वीरेन्द्रनगर नगरपालिकाका धार्मिक स्थाननामको अध्ययन

**रामप्रसाद कँडेल, विद्यारिधि शोधार्थी**
उपप्राध्यापक
मध्यपश्चिम विश्वविद्यालय, नेपाल
kandelrpskt@gmail.com

**Article History**
*Received: 6 Jan 2025; Reviewed: 20 Feb 2025; Revised: 5 March 2025; Accepted: 5 April 2025; Published: 21 April 2025*

## सारसङ्क्षेप

*प्रस्तुत लेख वीरेन्द्रनगर नगरपालिकामा अवस्थित धार्मिक स्थाननामसँग सम्बन्धित रहेको छ । यस लेखको उद्देश्य वीरेन्द्रनगर नगरपालिका भित्रका धार्मिक आधारमा नामकरण गरिएका स्थानहरूको सङ्कलन गरी तिनीहरूको सूची तयार गरी विश्लेषण गर्नु रहेको छ । धार्मिक स्थलहरूमार्फत त्यहाँको धार्मिक र सांस्कृतिक विविधता उजागर गर्ने र सामाजिक सांस्कृतिक पक्षहरूको प्रतिनिधित्वको बारेमा चर्चा गर्ने उद्देश्य रहेको छ । यस लेखमा क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । तथ्याङ्क सङ्कलन र मानकीकरण गर्नका लागि उक्त ठाउँमा बसोबास गर्ने जानकार व्यक्ति र यस विषयसँग चासो राख्ने मानिसहरूसँग सोधपुछ गरिएको छ । यस अध्ययनमा वीरेन्द्रनगर नगरपालिकाका १ देखि १६ वडासम्मका धार्मिक स्थाननामहरूमा अधिकांश स्थाननामहरू हिन्दु धर्ममा आधारित रहेका छन् । उक्त धार्मिक स्थाननामहरू विभिन्न पुरातात्विक वस्तु, मूर्ति तथा ऐतिहासिक स्थलका नामले चर्चा गरेको पाइन्छ । पुर्खाहरूले पुरानो क्षेत्रमा रहेका विभिन्न धार्मिक देवीदेवताका मूर्तिहरूको पूजा गर्ने प्रचलनका आधारमा यस क्षेत्रमा जगेर्ना गर्ने थलोका रूपमा धार्मिक स्थाननामहरू आएको पाइन्छ । जसमा कालिका स्थान, गणेशचोक, राधाकृष्ण मन्दिर, काँक्रेविहार, देउतीबज्यै, देवीस्थान आदि विविध यसका उदाहरण हुन् । यस अध्ययनमा सङ्कलन गरिएका वीरेन्द्रनगरमा जम्मा ३५ ओटा धार्मिक स्थाननामहरू रहेका छन् । ती धार्मिक स्थानहरूमा मानिसका मनोधारणा पूरा हुने इच्छा, आकाङ्क्षा र विश्वासका लागि मानिसहरूले निर्माण गरेका छन् । अधिकाङ्श धार्मिक स्थानहरू विभिन्न जनसहयोगबाट निर्माण गरिएको पाइन्छ । यसरी धार्मिक स्थाननामहरूले गर्दा यस क्षेत्रको धर्मसंस्कृति, परम्परामा समेत संरक्षण र सम्बर्द्धन हुँदै आएको पाइन्छ । यसैले यी धार्मिक स्थाननामको अध्ययनले समेत उक्त क्षेत्रलाई लोप हुनबाट बचाउने र संरक्षणको अवस्थाका बारेमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । यसमा हिन्दु धर्म मान्नेहरूको बाहुल्यता भएपनि बौद्ध धर्म, क्रिस्चियन धर्म र इस्लाम धर्म मान्नेहरूका आ–आफ्नै प्रकारका धार्मिक आस्थाका केन्द्रहरूका रूपमा मन्दिर, शिवालय, मस्जिद, चर्च, गुम्बा आदि रहेका छन् । तिनले धार्मिक सहिष्णुता र सामाजिक एकताको सन्देश दिएका छन ।*

## शब्दकुञ्जिका

*धार्मिक स्थाननाम, धार्मिक विविधता, सांस्कृतिक संरक्षण र सामाजिक सहिष्णुता*

**Copyright Information***: Copyright 2025© The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

सुर्खेत जिल्ला कर्णाली प्रदेशको राजधानी भएको एक प्रशासनिक क्षेत्र हो । सुर्खेत जिल्ला समुद्री सतहबाट १९८ मिटरदेखि २,३२७ मिटरसम्मको उचाइमा रहेको छ । वीरेन्द्रनगर नगरपालिका सुर्खेत जिल्लाको सदरमुकाम हो । यस नगरपालिकाको कुल क्षेत्रफल २४५.०६ वर्ग कि.मि. रहेको छ । यहाँको हावापानी न्यानो, समशीतोष्ण रहेको छ । हाल यस नगरपालिकाका १६ ओटा वडा रहेका छन् । यस नगरपालिकाभित्र विभिन्न जातजाति जस्तै: ब्राह्मण, क्षेत्री, मगर, गुरुङ, नेवार, दलित, थारू, राजी, कामीलगायत विभिन्न भाषा, भाषिका, धर्म, संस्कृतिका मानिसहरूको बसोबास रहेको छ । अहिलेसम्म यस वीरेन्द्रनगरको धार्मिक स्थाननामका बारेमा कुनै अध्ययन अनुसन्धान भएको पाइदैन । तसर्थ यो लेखमा धामिर्क स्थाननाम सङ्कलन गरी वर्णानुक्रममा राखी परिचय दिने कार्य गरिएको छ । स्थाननाम भन्नाले भूगोल,जातजातिको बसोबास, धार्मिक स्थान, धरातल, सामाजिक, सांस्कृतिक अवस्था जनाउने विभिन्न स्थाननामलाई बुझिन्छ । स्थाननाम कुनै बस्ति, गाउँ, नगर, दरा, जिल्ला, पाखा, पर्वत, लेकबेसी, तालतलैया, भिरपाखा, चाडपर्व, मन्दिर, वनस्पिति र देवीदेवताको मूर्तिलाई पनि बुझाउने गर्दछ । यसले धर्म, संस्कृति, जातजाति, भूगोलको जानकारी दिने हुँदा यसको अति महत्त्व रहेको छ । जुन भाषिक व्याख्या ,ऐतिहासिक व्याख्या, लौकिक व्याख्या, धार्मिक व्याख्या र स्मृतिबोधक व्याख्या रहेका छन् ।

धार्मिक स्थलहरू समाजको साझा आस्थाका पवित्र केन्द्रका रूपमा रहेका हुन्छन् । यी लौकिक भौतिक जीवनमा मानसिक शान्ति तथा कल्याण अनि पारलौकिक जीवनका निमित्त पनि अपेक्षित अनुकूलताका भित्री आशयले लोकले यस्ता स्थलहरूमा आफ्नो गहिरो आस्था प्रकट गर्ने गर्छ । यस्ता स्थलहरू संबद्ध धार्मिक समुदायका सामूहिक आस्थाका केन्द्र हुने हुँदा लोकमा भावात्मक एकता कायम गर्न पनि प्रकारान्तरले सहयोगी रहिआएका छन् । यस्ता कति धार्मिक स्थल र तिनको ऐतिहासिकता तथा महत्त्वका बारे केहीका लोकप्रचलित मिथकहरू पाइन्छन् भने कतिका बारे पुराण शास्त्रहरूले पनि महिमा गाएका आख्यानहरू उपलब्ध छन् । यसरी नै आफ्ना कुलको कल्याण, वैरीमाथि विजय वा वैरीबाट सुरक्षाको कामनाले पुराना शासकहरूद्वारा स्थापित देवालयहरूले इतिहासका कथा पनि भनिरहेका हुन्छन् । यसरी लोकको आध्यात्मिक आस्थाका केन्द्र, लोकको विश्वासका परिचायक अनि इतिहासका सूचक पनि हुन सक्ने धार्मिक स्थलहरू सभ्यताका परिचायक र समाजका महत्त्वपूर्ण धरोहर मानिन्छन् (पाण्डे, २०८०, पृ.१) । यस्ता स्थलहरूले मान्छेलाई नैतिक अनुशासनतिर पनि केही मात्रामा सचेत गराउने भूमिकासमेत खेलिरहेका हुन्छन् । प्रस्तुत लेखमा वीरेन्द्रनगर नगरपालिकाका केही धार्मिक स्थाननामहरूको सामान्य परिचय दिने प्रयास गरिएको छ ।

वीरेन्द्रनगरका धार्मिक स्थाननामको अध्ययन गरेर पाठ्यक्रम निर्माता, भाषिक अनुसन्धानकर्ता, विद्यार्थीको शब्दभण्डार अभिवृद्धिमा सहयोग पुऱ्याउने हुनाले यसको महत्त्व धैरै रहेको छ । साथै यस क्षेत्रको इतिहास, भाषा, भूगोल, चालचलन, धर्मसंस्कृति, परम्पराको जानकारी लिनका लागि स्थाननामले सघाउ पुऱ्याएको छ । वीरेन्द्रनगरको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, पर्यटकीय एवंम् जातिगत विविधताले नामाङ्कित स्थाननामको जानकारी गराई सबै नागरिकलाई उक्त क्षेत्रमा रहेका धार्मिक स्थाननामसम्बन्धी अर्थबोध गराउन त्यसको बारेमा जानकारी दिन यो अध्ययन कार्य गरिएको छ ।

धार्मिक स्थाननामहरूको अनुसन्धानले विभिन्न जातजातिका धार्मिक विश्वास, इतिहास, भाषिक पृष्ठभूमि, सामाजिक संरचना र सांस्कृतिक सम्पदाको गहिरो अध्ययन गर्न मद्दत पुऱ्याउँछ । यसले स्थानीय पाठ्यक्रम निर्माणमा उपयोगी योगदान दिनेछ। भाषिक अनुसन्धानकर्ताका लागि स्रोतको रूपमा काम गर्नेछ र विद्यार्थीको शब्दभण्डार अभिवृद्धिमा पनि सहयोग पुऱ्याउने छ । साथै यसले धार्मिक पर्यटन प्रवर्द्धनका लागि समेत मार्ग प्रशस्त गर्न सक्छ । यस सन्दर्भमा यो अध्ययनको मुख्य उद्देश्य वीरेन्द्रनगर नगरपालिका भित्रका धार्मिक आधारमा नामकरण गरिएका स्थानहरूको सङ्कलन गरी तिनीहरूको सूची तयार गरी विश्लेषण गर्नु हो । यस अनुसन्धानले नगरपालिकाका विभिन्न वडाहरूमा रहेका धार्मिक स्थलहरूमार्फत त्यहाँको धार्मिक र सांस्कृतिक विविधता उजागर गर्ने र सामाजिक सांस्कृतिक पक्षहरूको प्रतिनिधित्वको बारेमा चर्चा गर्ने उद्देश्य रहेको छ ।

## अध्ययन विधि र प्रक्रिया

प्रस्तुत अध्ययनमा क्षेत्रीय अध्ययन विधिको उपयोग गरिएको छ । वीरेन्द्रनगर नगरपालिकाका सम्पूर्ण स्थाननामहरू यस अध्ययनको तथ्याङ्कका रूपमा लिइएको छ । यस नगरपालिकाका धार्मिक प्रचलित स्थाननामहरू नमुनाका रूपमा छनोट गरिएको छ । भौगोलिक रूपमा वीरेन्द्रनगर नगरपालिकाभित्रका वडा नं १ देखि वडा नं १६ सम्मका स्थाननामहरू अध्ययनका क्षेत्र रहेका छन् । प्रस्तुत अध्ययनका क्रममा प्रयोग गरिएका सामग्रीहरूमा विभिन्न शब्दकोशहरू, सम्बन्धित अध्ययन क्षेत्रका बस्तीहरूका बृद्धबृद्धा, शिक्षाप्रेमी, शिक्षक, जानकारहरूको राय, अनुसन्धानकर्ता, राजनीतिज्ञ, मतावली, छलफल, पूर्वकार्यका साथै शीर्षकसँग सम्बन्धित शोधपत्र, विभिन्न विद्वानहरूका भनाईहरूलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । तथ्याङ्क सङ्कलन प्रक्रिया पूरा गर्न वीरेन्द्रनगर क्षेत्रभित्रका जाने बुझेका, बुढापाका, पुराना स्थानीयबासी, शिक्षक, जानकार, विज्ञसँग प्रत्यक्ष भेटघाट तथा छलफल, फोन सम्पर्क गरेर स्थाननाम सङ्कलन गरिएको छ ।

## पूर्वकार्यको पुनरावलोकन

स्थाननामको अध्ययनभित्र सामान्यतया 'कसले, किन, कुन सन्दर्भमा, कहिले र कसरीजस्ता प्रश्नार्थक वाक्यभित्र केन्द्रित रही जवाफ खोजिन्छ। तर पनि स्थाननामलाई सिद्धान्ततः दुई तरिकाले अध्ययन गर्ने गरिएको पाइन्छ। पहिलो, स्थाननामको आन्तरिक संरचनागत अध्ययन हो, जँहा स्थाननामको व्युत्पत्ति, ऐतिहासिक घटनावली र अर्थहरूको खोजी गरिन्छ। दोस्रो, स्थाननामहरूको 'टाइपोलोजिकल स्टडी' अर्थात् प्रकार्यपरक अध्ययन हो। स्थाननामको प्रकार्यपरक अध्ययनले 'एथ्निक सेटलमेन्ट प्याटर्न' अर्थात् जातिगत बसाइको क्रम वा संरचना कस्तो छ भनेर हेर्न मद्दत गर्छ (श्रेष्ठ, २०६७, पृ. vii)।

श्रेष्ठ (२०४४) का अनुसार कुनै निश्चित ठाउँको सूचना दिने भौगोलिक नामलाई स्थाननाम (toponym) भन्दछन्। ग्रीक भाषाको topos अर्थात् स्थान र onyma अर्थात् नामको संयोगबाट toponym अर्थात् स्थाननाम भन्ने पारिभाषिक शब्द अस्तित्वमा आएको छ। स्थाननाम अर्थात् ठाँउको नाम भौगोलिक स्थितिको द्योतक हो। मुख्यतया यो कुनै भौगोलिक स्थानको ठेगाना हो र त्यसले निश्चित स्थानको बोध पनि गराउँछ। त्यसैले स्थाननामको व्यावांहारिक महत्त्व हुने कुरा निर्विवाद नै छ। स्थाननामहरू विभिन्न युगमा विभिन्न जनभाषाहरूबाट प्रादुर्भाव हुन्छन्। कतिपय स्थाननामहरूको व्युत्पत्ति सहजै अर्थ्याउन सकिदैन। स्थाननामहरू खास गरी प्राचीन कालदेखि नै प्रचलित हुँदै हामीसम्म आइपुग्ने हुनाले तिनको नालीवेली पहिल्याउन गाहो नै पर्दछ। कारण, त्यो नाम जुन भाषामा राखिएको थियो त्यो भाषा नै लोप भएर गइसकेको हुनु कुनै अनौठो कुरा हुँदैन। फेरि कालक्रमअनुसार उच्चारणगत भेदले गर्दा पनि स्थाननामहरू नचिनिने किसिमबाट अपभ्रंश हुँदै जान्छन् र तिनको व्युत्पत्तिको भेउसमेत पाउन मुस्किल पर्छ। स्थाननामले ऐतिहासिक, धार्मिक, नृवंशात्मक, सामाजिक, स्मृति बोध, लैङ्गिक आदि तथ्यको सङ्केत गरेको हुन्छ।

सिंह (२०११) द्वारा स्थाननाम और सम्बन्धित शास्त्रमा स्थाननामको तात्पर्य र अन्य विषयसँग यसको सम्बन्ध उल्लेख गरिएको छ। उनले स्थाननामलाई भाषाकै एक महत्त्वपूर्ण अङ्गका रूपमा लिइएको पाइन्छ। उनले स्थाननाम र त्यसको सान्दर्भिक अर्थ बिचको घनिष्ट सम्बन्ध हुन्छ भन्ने कुराको समेत चर्चा गरेको पाइन्छ। सिंह (२०११) ले स्थाननाम र अन्य विभिन्न विषयका बिच स्थाननामले इतिहासका लागि महत्त्वपूर्ण सामग्री प्रदान गर्दछ। यो धर्म, विश्वास, प्राचीन वस्तुहरू, स्थापित कला तथा भवन सामग्री एवम् सामाजिक परिस्थिति आदिसँग सम्बन्धित सूचनाहरू प्रदान गर्दछ। यसद्वारा विशिष्ट प्रकारको सामग्री प्राप्त हुन्छ। यो भाषाको महत्त्वपूर्ण अङ्ग हुनुका साथसाथै अन्य शब्दको समान ध्यानको आकाङ्क्षा राख्दछ। सबै परिवर्तनका साथसाथै नामहरू पनि परिवर्तन भइरहन्छन्। यो परिवर्तन दुई प्रकारले हुन्छ। पहिलो ध्वनिसम्बन्धी परिवर्तन जस्तैः आगमन, लोप, विकार र दोस्रो अर्थसम्बन्धी जस्तैः अर्थादेश, अर्थसंकोच तथा अर्थविस्तार आदि परिवर्तन भए पनि यिनको अस्तित्व समाप्त हुँदैन। यसले आफ्नो पूर्व निश्चित स्थान व्यक्ति वा वस्तुलाई बोध गराउँद छ।

स्थाननाम भाषाको एक जीवित शब्दावलीका रूपमा रहन्छ। जसको प्रयोग सार्वजनिक रूपमा त्यो सिक्का (मुद्रा) जस्तै हुन्छ। यो घिस्सिरहेको हुन्छ तर त्यो सिक्काको मूल्य शताब्दीसम्म स्थिर भइरहन्छ तर उसको अर्थसम्बन्धी महत्त्व कहिल्यै कम हुँदैन। यद्यपि स्थाननाम भाषाको एक अङ्ग हो। उसको सम्बन्ध मानव जीवनको समस्त परिवेश तथा शास्त्रसँग छ। जससँग भाषा सम्बन्धित हुन्छ। भाषा नितान्त सामाजिक वस्तु हो। अतः ज्ञान विज्ञानका अनेक शाखासँग स्थाननामको सम्बन्ध हुनु स्वभाविक हो। स्थाननामको अध्ययनले भाषाशास्त्र, इतिहास, पुरातत्वशास्त्र, समाजशास्त्र, भूगोल, जीवनशास्त्र आदिसँग अति घनिष्ट सम्बन्ध राख्दछ। स्थाननामद्वारा क्षेत्र विशेषको भाषाका रूपमा विकास सामाजिक एवम् सांस्कृतिक जीवन, भौगोलिक परिस्थिति, इतिहास आदिमा महत्त्वपूर्ण प्रभाव पार्दछ (सिंह, २०११)।

श्रेष्ठ (२०६७) द्वारा प्रकाशित नेपाली स्थाननाम कोशमा नेपाली स्थाननामहरूको नेवारी भाषा, तिब्वती भाषा र संस्कृत भाषामा तुलनात्मक अध्ययन गरिएको पाइन्छ। यसमा स्थाननामहरूको स्रोतलाई दुई भागमा विभाजित गरिएको पाइन्छ। जुन स्थाननाम उत्तरी भेगतिर तिब्बत– बर्मेली परिवारसित सम्बद्ध रहेका पाइन्छन् भने दक्षिणी भेगतिर भारोपेली परिवारसित सम्बद्ध स्थाननामहरू रहेका पाइन्छन्। पहिलो वर्गका स्थाननामहरू लुङ्, जुङ्, ला, दी आदि प्रत्यय लागेर बनेका हुन्छन् र दोस्रो वर्गका स्थाननामहरूको अन्तमा टार, चौर, वेसी, कोट, गज, पुर आदि शब्दहरू आएका हुन्छन्। जस्तैः लमजुङ, बालुवाटार यस शब्दकोशमा स्थाननामलाई कालबोधक (नयाँ, पुरानो) नयाँबजार, पुरानो कोट, सतहबोधक (तल्लो, उपल्लो) तल्लो स्वराड, उपल्लो स्वराड, आकारबोधक (ठुलो, सानो) सानोठिमी, रङ्बोधक (सेतो, कालो), सेती गण्डकी, कालीमाटी र सङ्ख्याबोधक (पाँच, छ, दश, सय) पाँचमाने, छथुम, दशगजा जस्ता पाँच प्रकारले स्थाननाम बनेको भनी उल्लेख गरेको पाइन्छ। यस अध्ययनबाट धार्मिक स्थाननामहरुको विश्लेषण गर्न उपयोग गरिएको छ।

राना (२०७४) द्वारा सुर्खेत चिङ्गाड क्षेत्रका स्थाननाम शब्दकोश शीर्षकको शोधपत्र सुर्खेत क्याम्पस (शिक्षा) मा प्रस्तुत गरिएको छ। शब्दकोश शोधपत्रको मुख्य उद्देश्य चिङ्गाड क्षेत्रमा रहेका स्थाननामको सङ्कलन गर्नु, वर्गीकरण गर्नु र स्थाननामहरूको वर्णानुक्रम अनुसार अर्थ दिनु हो। यस शोध अध्ययन गर्ने क्रममा निर्देशित स्थानमा पुगेर स्थाननामहरू प्राथमिक तथा द्वितीय स्रोतबाट क्षेत्र अध्ययन विधि, पुस्तकालयीय विधि, प्रश्नोत्तर विधि, खोज विधि, व्याख्यान विधि, विश्लेषण विधिअनुसार सङ्कलन गरिएको छ। सङ्कलित सुर्खेत चिङ्गाड क्षेत्रका

स्थाननामहरूलाई ऐतिहासिक, धार्मिक, साँस्कृतिक, नृवंशात्मक सामाजिक, लौकिक, स्मृतिबोधक र भाषागत आधारमा गरिएको छ। स्थाननाम सङ्कलनका क्रममा सुविधाजनक जनसङ्ख्या र आवश्यकताअनुसार अन्य जनसङ्ख्यासँग सम्पर्क, प्रत्यक्ष भेटघाटजनक जनसङ्ख्यासँग सम्पर्क प्रत्यक्ष भेटघाटद्वारा स्थाननाम सङ्कलन गर्ने कार्य गरिएको छ। सुर्खेत  चिङ्गाड क्षेत्रभित्र स्थाननाम शब्दकोश निर्माण गर्न स्थाननाम सङ्कलनका क्रममा जम्मा जम्मी ३११ ओटा शब्दहरू सङ्कलन गरिएको  छ। ती स्थाननामहरू ऐतिहासिक, राजनीतिक, धार्मिक, सामाजिक, भौगोलिक नृवशांत्मक, सांस्कृतिक, आधारमा रहेका पाइन्छन्। ती स्थाननामहरू, उपसर्ग, परसर्ग, नाम विशेषण, नामयोगी, नाम र नाम मिलेर बनेका छन्। ती स्थाननामहरू गाउँ, चौर, खोला, डाँडा टोल, मारे, खेत, पाखा, वन, कोट, पानी, सैन, आदि जस्ता आदि जस्ता शब्दहरू जोडिएर  बनेका छन्। यस्तै चिङ्गाड क्षेत्रका पाँचवटै गा.वि.स.का स्थाननामहरू रहनुका आधारहरू पत्ता लगाउन खोज तथा अध्ययन गरी यो शोधपत्र तयार पारिएको छ। यस चिङ्गाड क्षेत्रमा रहेका विभिन्न स्थाननामलाई  संरक्षण, सम्बर्धन स्थायित्व दिनका लागि यसै क्षेत्रका स्थाननामहरूको बारेमा बुझ्न चाहने, चासो राख्ने व्यक्तिहरूका लागि सहजता प्रदान गर्न यो अध्ययन गरिएको छ।

सुनार (२०७४) द्वारा गुर्भाकोट नगरपालिकाका स्थाननाम शब्दकोश शीर्षकमा शोधपत्र तयार गरिएको छ। सुर्खेत गुर्भाकोट नगरपालिकामा रहेका स्थाननाम सङ्कलन गर्नु, वर्गीकरण गर्नु र स्थाननामहरूको वर्णानुक्रमअनुसार अर्थ दिनुजस्ता उद्देश्य राखिएको छ। यस शोधपत्रमा प्राथमिक तथा द्वितीयक स्रोतबाट क्षेत्र अध्ययन विधि, पुस्तकालयीय विधि, छलफल विधि, खोज विधि, व्याख्या विश्लेषण विधिको प्रयोग गरिएको छ। गुर्भाकोट नगरपालिकाका सम्पूर्ण स्थाननामहरू अध्ययनको जनसङ्ख्याका रूपमा लिइएको छ भने उक्त नगरपालिकाका १४ ओटा वडाहरू नमुना छनोटमा पारिएको छ। यस शोधपत्रमा जम्मा २२५ ओटा शब्दहरू सङ्कलन गरिएको छ। ऐतिहासिक, धार्मिक, साँस्कृतिक, नृवंशात्मक, सामाजिक, लौकिक स्मृतिबोधक र भाषागत आधारमा उद्देश्यअनुसार शब्दकोश निर्माण गरिएको निष्कर्ष निकालिएको छ। गुर्भाकोट नगरपालिकामा रहेका स्थाननामलाई संरक्षण र सम्वर्धन गर्नुपर्ने सुझावहरू राखी शोध पूरा गरिएको छ।

रोकाया (२०७५) द्वारा हुम्ला जिल्ला अदानचुली क्षेत्रका स्थाननाम कोश शीर्षकमा शोधपत्र प्रस्तुत गरिएको पाइन्छ। यस अध्ययनमा हुम्ला जिल्ला आदानचुली क्षेत्रभित्रका स्थाननाम सङ्कलन गर्नु, स्थाननामलाई वर्गीकरण गर्नु, साथै स्थाननामको वर्णानुक्रम राखी अर्थबोध गराउनु मुख्य उद्देश्य रहेको छ। यस शोधपत्रमा निर्देशित स्थानमा पुगेर क्षेत्र अध्ययन विधि, पुस्तकालयीय विधि, व्याख्या विश्लेषण विधिको प्रयोग गरिएको छ। हुम्ला जिल्ला अदानचुली क्षेत्रका सम्पूर्ण स्थाननामहरू यस अध्ययनका रूपमा लिइएको छ। यस क्षेत्रभित्रका धार्मिक, पर्यटकीय, ऐतिहासिक गाउँपालिकाका सबै वडाहरू छनोट गरिएको  छ। हुम्ला जिल्ला अदानचुली क्षेत्रभित्र स्थाननाम शब्दकोश निर्माण गर्न स्थाननाम सङ्कलनका क्रममा जम्मा २१० ओटा शब्दहरू सङ्कलन गरिएको छ। ती स्थाननामहरू उपसर्ग, परसर्ग, नाम, विशेषण, नामयोगी नाम र नाम जोडिएर बनेका छन्। ती स्थाननामहरू गाउँ, कोट, पानी, डाँडा, दह, चौर, खोला जस्ता शब्दहरू बनेका छन्। यस शोधमा सङ्कलन गरिएका स्थाननामहरू एक शब्दबाट निर्मित, दुई र तीन शब्दको योगमा निर्मित रहेका छन् भने कुनै स्थाननामहरू अपभ्रंश भएर राखिएका छन्। कुनै रूढ शब्दका स्थाननामहरू रहेको निष्कर्ष निकालिएको छ। स्थाननामको महत्त्वलाई पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिनु पर्ने, अन्य लुकेर रहेका स्थाननामहरूको खोजी गरी सूचीकरण गर्नुपर्ने जस्ता सुझावहरू राखी शोध पूरा गरिएको छ।

शाही (२०७५) द्वारा बाजुरा जिल्लाका स्थाननामको नमुना शब्दकोश शीर्षकमा शोधकार्य गरिएको छ। उक्त शोधपत्रको मुख्य उद्देश्य बाजुरा जिल्लामा रहेका स्थाननामको सङ्कलन गर्नु, वर्गीकरण गर्नु र  स्थाननामहरूको वर्णानुक्रमअनुसार अर्थ दिनु रहेको छ। बाजुरा जिल्लाका बडीमालिका नगरपालिका, बढीनन्दा नगरपालिका, हिमाली गाउँपालिका, स्वामीकार्तिक खापर गाउँपालिकाका सम्पूर्ण स्थाननामहरू  यस अध्ययनको जनसङ्ख्या रहेको छ भने प्रमुख धार्मिक, ऐतिहासिक र सामाजिक स्थाननामलाई नमुनाको रूपमा लिइएको छ। सम्बन्धित जिल्लाका तोकिएका ठाउँहरूको क्षेत्र भ्रमण गरेर, बुद्धिजीवी अनुभवी, शिक्षक, पत्रकार, समाजसेवी र जानकारहरूसँग सोधपुछ, छलफल गरेर स्थाननामहरूको अर्थ सङ्कलन गरिएको छ। उक्त शोधपत्रमा जम्मा २५८ ओटा स्थाननामहरू सङ्कलन गरिएको छ। स्थाननामहरूमा बाडा पछाडि लागेका स्थाननामहरू २१ ओटा, कोट लागेका १७ ओटा, पानी  १५ ओटा, गाउँ र चौर ९/९ ओटा, माडु ७ ओटा, पाटा लागेका ६ ओटा , सेरा, सैन र तोला ४/४ ओटा, गोठी थान खाल ३/३ ओटा, बगर, कुरू गाढा, कप्साडी, ढुङ्गा, रूख, गाडी, जेवाले, काडाँ, खड, चौकी शिता खर्क काटिया २/२ ओटा, आडी इ एकला ९ वटा अने, आ, इला, इ, इका, इन, उका एनी, एली औरा, औना, १/१ ओटा गरी जम्मा ११ ओटा, नन्दा, बारी, जग्रा ,पनेरा, खेत देली, ढुङ्गी, लास, राता, नाथ, हाल्ना, थोथा, विसौना, जुर, डाँडा, साँधु, गौडा, मुले, देवल, गुफा, तोल, पातल, लोक डाली, धारा, ठिक, मण्डली तौल, तोली, वन, सुर, बस्ती, कण्ड, खला गढी, जिउला, ढुस्का, देव, धाली, १/१ ओटा गरी जम्मा ३८० ओटा र अन्य ६७ ओटा रहेका छन्। बाजुरा जिल्लाका स्थाननामहरूमध्ये वाडा पछाडि लागेका स्थाननामहरू सबैभन्दा बढी २१ वटा रहेका छन्। यसमा वाडा पछाडि लागेका स्थाननामहरू बढी हुनाका प्रमुख कारण यस क्षेत्रमा एक निश्चित जातिको बसोवास रहेको र सोही जातिका नामका आधारमा ठाउँको नामकरण भएको निष्कर्ष निकालिएको छ।

पूर्व अनुसन्धानहरूको गहिरो अध्ययनबाट प्रष्ट हुन्छ कि स्थाननामको अध्ययन नेपालमा धेरैपटक शब्दकोश निर्माण तथा वर्गीकरणमा केन्द्रित रहेको छ। सुर्खेत चिङ्गाड, गुर्भाकोट नगरपालिका, हुम्लाको अदानचुली र बाजुरा जिल्लाका स्थाननामहरूबारे भएका अध्ययनहरूले मुख्यतः स्थाननाम सङ्कलन, वर्गीकरण र वर्णानुक्रम अनुसार अर्थ प्रदान गर्ने कार्यमा सीमित छन् । यी अध्ययनहरूले स्थाननामहरूको ऐतिहासिक, धार्मिक, नृवंशात्मक, सामाजिक तथा भाषागत पक्षहरूको सामान्य विश्लेषण त गरेका छन्, तर तिनको सैद्धान्तिक विमर्श, गहिरो भाषिक विश्लेषण र प्रकार्यपरक दृष्टिकोणबाट व्यापक अध्ययन भने नगरेको देखिन्छ । यस्ता अध्ययनहरू सामान्यतया स्थान विशेषमा केन्द्रित रहेर स्थाननामको व्याख्या गर्दै आएको पाइन्छ । स्थाननामको व्युत्पत्तिमूलक अध्ययन तथा स्थानको सामाजिक-सांस्कृतिक इतिहाससँग स्थाननामको सम्बन्ध उजागर गरिए तापनि, प्रकार्यपरक दृष्टिकोणबाट-जस्तै, स्थाननामहरूले समुदायमा सामाजिक-राजनीतिक, जातीय वा सांस्कृतिक संरचना कसरी प्रतिबिम्बित गर्छन् भन्ने कुराको विश्लेषण- भने कमै पाइन्छ । अझ गहिरो रूपमा हेर्दा, स्थाननामको विश्लेषण गर्दा त्यसले समय सन्दर्भ, जातीय पहिचान, सामुदायिक स्मृति, शक्ति संरचना, धार्मिक परम्परा र भू-राजनीतिक अवस्थालाई कसरी प्रतिबिम्बित गर्छ भन्ने विषयलाई अघिल्लो अनुसन्धानहरूमा पर्याप्त ध्यान दिइएको छैन । स्थाननाम केवल नामकरण मात्र नभई त्यस स्थानको इतिहास, भूगोल, सामाजिक संरचना,धार्मिक र भाषिक पहिचानको समष्टिगत दस्तावेज हो भन्ने दृष्टिकोणबाट  अध्ययन गर्न आवश्यक छ ।

## नतिजा विश्लेषण तथा छलफल

धार्मिक स्थाननामहरू कुनै ठाउँको ऐतिहासिक, सांस्कृतिक, सामाजिक र धार्मिक जीवनशैलीको प्रतिबिम्ब हुन् । सुर्खेत जिल्ला विशेषगरी वीरेन्द्रनगर नगरपालिकामा अवस्थित धार्मिक स्थानहरूको नाम र विवरणहरूले यहाँको धार्मिक आस्था, सांस्कृतिक विविधता र स्थानगत चेतनालाई प्रस्ट पार्दछन् ।

**तालिका नं. १**

*धार्मिक स्थलहरूको नाम, स्थान, सम्बन्धित धर्म, र प्रमुख धार्मिक गतिविधिहरू*

| धार्मिक स्थलको नाम | स्थान (वडा नं.) | सम्बन्धित धर्म | प्रमुख धार्मिक गतिविधिहरू |
|---|---|---|---|
| अम्बिकादेवी मन्दिर | ११ | हिन्दू | नवरात्रिमा विशेष पूजा, दैनिक पूजा |
| काँक्रेविहार | - | बौद्ध/हिन्दू | पर्यटकीय स्थल, दर्शन, शान्ति साधना |
| कालिका मन्दिर | ५ (चिसापानी) | हिन्दू | दैनिक पूजा,भजन किर्तन |
| कृष्ण मन्दिर (गणेशचोक) | ६ | हिन्दू | राधाकृष्णको पूजा, दैनिक पूजा |
| गणेश मन्दिर (चिसापानी) | ५ | हिन्दू | दैनिक पूजा, विवाह कर्म ,व्रतबन्ध कर्म |
| गीता मन्दिर | १० | हिन्दू | गायत्री, गङ्गा, पाण्डवघाटसँग सम्बन्धित, दैनिक पूजा |
| गायत्री मन्दिर (बुलबुले) | १० | हिन्दू | धार्मिक तथा पर्यटकीय स्थल, दैनिक पूजा |
| जलेश्वर मन्दिर (उत्तरगङ्गा) | ३ | हिन्दू | दैनिक पाठपूजा, विवाह कर्म ,व्रतबन्ध कर्म |
| देउती बज्यै | - | हिन्दू | धार्मिक तथा पर्यटकीय स्थल,दैनिक पाठपूजा |
| देउती स्थान | १६ | हिन्दू | पाठ पूजा |
| देवस्थल | १६ | हिन्दू | पाठ पूजा |
| देवीको मन्दिर | १५ | हिन्दू | पाठ पूजा |
| नारायण मन्दिर (लाटीकोइली) | १० | हिन्दू | दैनिक पूजा,भजन किर्तन |
| पाथिभरा मन्दिर | ३ (तातापानी) | हिन्दू | आश्रम,दैनिक पाठपूजा, माताहरूको बसोबास |
| पातलगङ्गा | १० | हिन्दू | मकर संक्रान्तिमा मेला, |
| भैरवमन्दिर (भैरवस्थान) | ४ | हिन्दू | भैरवको दैनिक पाठपूजा |
| मष्टो शिवालय | ११ | हिन्दू | शिवरात्रिमा मेला, दैनिक पूजा |

| **धार्मिक स्थलको नाम** | **स्थान (वडा नं.)** | **सम्बन्धित धर्म** | **प्रमुख धार्मिक गतिविधिहरू** |
|---|---|---|---|
| मङ्गलगढीमाई | ९ | हिन्दु/बौद्ध | बडादशैं, चैते दशैंमा पूजा, बलि प्रथा |
| मदरसा र मस्जिद | १० | इस्लाम | शुक्रबार नमाज, मुस्लिम धार्मिक गतिविधिहरू |
| बेथोल चर्च | ३ | इसाई | शनिबार पूजा, गिर्जाघर,इसाई धार्मिक गतिविधि |
| लक्ष्मीनारायण मन्दिर | ११ | हिन्दू | दैनिक पूजा पाठ,भजन किर्तन |
| राधा कृष्ण मन्दिर | ८ | हिन्दू | श्रीकृष्णाष्टमीमा मेला, दैनिक पूजा |
| शिवालय चोक | ७ | हिन्दू | शिवरात्रिमा पूजा |
| त्रिपुरेश्वर | १ | हिन्दू | पाठ पूजा |
| शिव मन्दिर (धुलियाविट) | ११ | हिन्दू | शिवरात्रिमा पूजा, समय समयमा भजन किर्तन |
| शिवालय (बतासे डाँडा) | १३ | हिन्दू | शिवरात्रि/तिज विशेष मेला लाग्ने |
| रहरपुर शिवालय मन्दिर | १० | हिन्दू | दैनिक पूजा |
| रामजानकी मन्दिर (धुलियाविट) | ११ | हिन्दू | रामनवमीमा मेला |
| राम मन्दिर (बजार) | ६ | हिन्दू | विवाह कर्म, दैनिक पूजा |
| राधारकृष्ण मन्दिर (बजार) | ६ | हिन्दू | श्रीकृष्णाष्टमीमा मेला, भजन किर्तन दैनिक पाठ पूजा |
| राधाकृष्ण मन्दिर (कालुङचोक) | ८ | हिन्दू | श्रीकृष्णाष्टमी, दैनिक पूजा |
| राधाकृष्ण मन्दिर (पर्सेनी) | - | हिन्दू | दैनिक पूजा |
| शिवालय (जिरो ड्याम) | ४ | हिन्दू | शिवलिङ्ग, नन्दी मूर्ति, पर्यटक केन्द्र दैनिक पाठपूजा |
| शिव मन्दिर (गणेशचोक) | ६ | हिन्दू | जलाधार, दैनिक पूजा |
| शिव मन्दिर (लाटीकोइली) | १० | हिन्दू | दैनिक पाठपूजा शिवरात्रिका दिन विशेष मेला |

तालिका नं. १ मा प्रस्तुत धार्मिक स्थलहरूको विवरण विश्लेषण गर्दा वीरेन्द्रनगर नगरपालिकाभित्र धार्मिक विविधता, सांस्कृतिक आस्था र सामाजिक सहभागिताको स्पष्ट झल्को पाइन्छ । कुल ३५ वटा धार्मिक स्थलमध्ये बहुसङ्ख्यक स्थलहरू हिन्दू धर्मसँग सम्बन्धित छन्, जुन यस क्षेत्रको धार्मिक पहिचानको प्रमुख पक्ष हो । हिन्दू मन्दिरहरूमा शिव, कृष्ण, राम, लक्ष्मीनारायण, कालिका, र गणेशजस्ता देवी देवताहरूको पूजा गरिन्छ, जसमा दैनिक पूजाअर्चना तथा विशेष पर्वहरूमा मेला वा धार्मिक अनुष्ठानहरूको आयोजना हुने गरेको पाइन्छ । यसका अतिरिक्त काँक्रेविहार र मङ्गलगढीमाई जस्ता स्थलहरू बौद्ध धर्मसँग पनि सम्बन्धित छन्, जसले हिन्दू र बौद्ध धर्मबीचको ऐतिहासिक सह–अस्तित्व देखाउँछ। मुस्लिम धर्मावलम्बीहरूका लागि मदरसा र मस्जिद तथा इसाई समुदायका लागि बेथोल चर्च पनि रहेका छन्, जसले नगर क्षेत्रको धार्मिक सहिष्णुतालाई झल्काउँछ ।

स्थानगत रूपमा हेर्दा वडा नं. १०, ११ र ६ मा धार्मिक स्थलहरूको सङ्ख्या बढी देखिन्छ, जुन क्षेत्रीय धार्मिक गतिविधिहरूको घनत्वलाई सङ्केत गर्छ। विशेष गरी लाटीकोइली, चिसापानी, गणेशचोक र धुलियाविट क्षेत्रहरू धार्मिक दृष्टिकोणले सक्रिय रहेको बुझिन्छ । धार्मिक गतिविधिहरूमा दैनिक पूजा, पर्वविशेषमा मेला वा विशेष अनुष्ठान, धर्मशाला निर्माण, तथा स्थानीय समाजको सहयोग उल्लेखनीय पाइन्छ। अम्बिकादेवी मन्दिरजस्ता स्थलहरूमा वन उपभोक्ता समितिको संलग्नता वा गाउँलेहरूको स्वस्फूर्त सहभागिता देखिन्छ, जसले धार्मिक स्थलहरूलाई सामुदायिक एकता र पहिचानको केन्द्र बनाएको छ । केही धार्मिक स्थलहरू (जस्तैः काँक्रेविहार, देउती बज्यै, पातलगङ्गा, शिवालय जिरो ड्याम) पर्यटकीय दृष्टिकोणले पनि महत्त्वपूर्ण छन्, जसले धार्मिक पर्यटनको सम्भावना उजागर गर्दछ । यस तालिकाबाट प्राप्त तथ्याङ्कहरूले वीरेन्द्रनगर नगरपालिका धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिले बहुआयामिक स्वरूपमा रहेको पुष्टि गर्छ । यी स्थलहरू केवल आस्थाको केन्द्र मात्र नभई सामुदायिक समन्वय, सांस्कृतिक संरक्षण र स्थानीय पर्यटन प्रवर्द्धनको मेरुदण्डसमेत हुन् ।

**अम्बिकादेवी मन्दिर :** सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ गाग्रेताल चोक नजिकै अम्बिका देवीको मन्दिरको निर्माण गरिएको छ । उक्त मन्दिरमा अम्बिकादेवी मूति स्थापना गरिएको छ । यस मन्दिरमा दशैँको नवरात्रीमा विशेष पाठपूजा गरी नवारात्री बसिन्छ । दशैँको दिन

बिहान फूलपत्र विसर्जन गरी नवरात्रिको समापन गरिन्छ ।प्रत्येक दिन बिहान बेलुका पूजा आजा गरिन्छ । सुन्दर, शान्त र मनोरम वातावरण भएको यस मन्दिरमा स्थानीय भक्तजनहरूको उपस्थिति रहेको पाइन्छ । अम्बिका देवीकै नामबाट वन उपभोक्ता समितिको नाम पनि रहेको छ ।

**काँक्रेविहार :** सुर्खेतको सदरमुकाम वीरेन्द्रनगरबाट १० मिनेट दूरीमा एउटा घना जङ्गल छ । शान्त, धूलोधुवाँबाट अलग रहेको जङ्गलै जङ्गलको बाटो हुँदै एउटा डाँडाको टुप्पोमा पुगिन्छ । पुग्नेवित्तिकै भान हुन्छ, हामी कुनै प्राचीन स्थलमा काँक्रेविहार आइरहेका छौँ । काँक्रेविहारमा पुरातत्व विभागद्वारा पुनस्थापित गरी मन्दिर निर्माण गरिएको छ । चारैतिर पर्खाल लगाई घेरबार गरिएको छ । अहिले काँक्रेविहार धार्मिक एवं पर्यटकीयस्थलका रूपमा चिनिन्छ । आन्तरिक तथा बाह्य पर्यटकहररू यहाँ आउने गर्दछन् ।

**कालिका मन्दिर :** यो मन्दिर वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ चिसापानीमा रहेको छ । सुरूमा सानो मन्दिर बनाइ पूजाआराधना गर्न सुरू गरिएको थियो । पछि कटकुवामा पूजा गरिदै आएको कालिकाको मूर्तिल्याई स्थापना गरिएको थियो । यस मन्दिरमा २१ कठ्ठा जमिन छुट्याइएको छ । यो मन्दिर २०३९ सालमा निर्माण भएको थियो । यस मन्दिरमा धर्मशाला पनि रहेको छ ।यस मन्दिरमा कालिका पञ्चायन देवताका पत्थरका १८ फिट उचाइ र १२ फिट लम्बाइ युक्त मूर्ति रहेका छन् ।

**कृष्ण मन्दिर (गणेशचोक):** यो मन्दिर वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ मा रहेको छ । यो मन्दिरको क्षेत्रफल ३ कठ्ठा रहेको छ । २०२३ देखि निर्माण सुरू भई २०३९ सालमा सम्पन्न यो मन्दिर व्यापारीहरूका सक्रियतामा भएको थियो (सुर्खेत दर्पण:२०५३:पृ.१४३ ) । यस मन्दिरमा राधाकृष्ण पञ्चायन देवताको मूर्ति रहेका छन् । हाल बिहान साँझ पूजा गरिदै आएको पाइन्छ ।

**गणेश मन्दिर (चिसापानी):** यो वीरेन्द्रनगर नगरपालिका वडा नं. ५ मा पर्दछ । वि.सं. २०३४ सालमा तत्कालीन राजा वीरेन्द्रको सवारी हुँदा ८.५ कठ्ठा जमिन गणेशका लागि विन्ती गरेका थिए । उक्त जमिनमा २०३५ सालबाट मन्दिर स्थापना गरी भक्तजनहरूको सहभागिता रहेको थियो । यस मन्दिरमा बिहान बेलुका पूजाआजा गरिन्छ । यस मन्दिरमा १२ फिट लम्बाइ र २० फिट उचाइ रहेको गणेश पञ्चायन देवताको पत्थरको मूर्ति छ । यस मन्दिर नजिक एउटा धर्मशाला पनि निर्माण गरिएको छ ।

**गीता मन्दिर:** वी.न.पा. वडा नं. १० लाटीकोइलीमा अवस्थित यस मन्दिरको निर्माण स्थानीय व्यक्तिले निजी लगानीमा गरेका हुन् । यस मन्दिरको स्थापना २०३६ सालमा भएको हो । यो मन्दिर  गायत्री, गंगा, पाण्डवघाट र आनन्द आश्रमका नामले चिनिन्छ । यो मन्दिर १५ कठ्ठा क्षेत्रफलमा फैलिएको छ । यस मन्दिरमा हाल निरन्तर बिहान बेलुका पूजाआजा गरिदै आएको छ ।

**गायत्री मन्दिर (बुलबुले):** यो मन्दिर सुर्खेत वीरेन्द्रनगर नगरपालिका वडा नं. १० मा बुलबुले उद्यान रहेको छ । यो विशेष गरी पर्यटकीय क्षेत्र हो । बुलबुले परिसर  गायत्री देवीको मन्दिर निर्माण गरिएको छ । मन्दिरमा गायत्रीको मूर्ति स्थापना गरिएको छ । यस मन्दिरमा बिहान बेलुका पाठपूजा आरती गरिन्छ । बुलबुले आउने मानिसहरू गायत्रीको दर्शन गर्दछन् । यहाँ प्रायः सधैंभरि नै मानिस आउने गर्दछन् ।

**जलेश्वर मन्दिर (उत्तरगंगा) :** वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ मा यो मन्दिर अवस्थित छ । यस मन्दिरको उत्तरमा बुलबुलेकै प्रकृतिमा एउटा जलकुण्ड पनि छ । यस्तै जलकुण्डबाट बुलबुल गरी निस्किएको पानीबाट एउटा सानो खोला नै बन्न पुगेको छ । प्राचीन कालमा उत्तरगंगाको जलकुण्डमा नियमित रूपमा पाँचवटा बत्ती बलिरहने र दैलेखको श्रीस्थानबाट बगेर आएका चामल, फूलपत्रसमेत यहाँ आइपुग्ने गर्थे भन्ने जनश्रुति रहेको छ । यस मन्दिरको पूर्वी भागमा २०४५ सालमा योगी नरहरिनाथद्धारा कोटीहोम यज्ञ लगाइएको थियो ।

**देउती बज्यै:** देउती बज्यैको उत्पत्तिका सम्बन्धमा अनेक किम्बदन्ती वा जनश्रुति प्रचलित रहेका छन् । जसमध्ये राजी जातिका एक व्यक्ति गङ्गामा जाल खेलिरहेका बेलामा उनको जालमा एक ब्राह्मण कन्या परिन् ।उनले ती कन्यालाई पाली हुर्काए । राजीको जालमा नदीबाट प्राप्त भएकी बालिकाको न्वारन गर्दा नदी बुझाउने शब्द गंगा र बालिका अर्थ बुझाउने शब्द बाला अर्थात् गंगा र बाला दुई वटा शब्द मिलाई उनको नाम गंगाबाला राखिएको थियो । सेतो पोशाक लगाउन रूचाउने गंगाबालालाई भन्दा भन्दै उक्त नामको बा अक्षर मा हुन गई वा ध्वनि परिवर्तन भएर गंगमाला बन्न पुग्यो । यो मन्दिर सुर्खेतको प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलका रूपमा चिनिन्छ ।

**देउती स्थान :** यो एउटा धार्मिक स्थान हो ।यस ठाउँमा देउती भन्ने ठाउँ भएको हुनाले यस स्थानको नाम देउती स्थान रहन गएको पाइन्छ । यो स्थाननाम यस नगरपालिकाको वडा नं १६ मा पर्दछ ।

**देवस्थल :** यस ठाउँमा देवीको मन्दिर भएको हुनाले यस स्थानको नाम देवस्थल रहन गएको पाइन्छ ।यो पनि धार्मिक स्थान का रूपमा चिनिन्छ । यो स्थाननाम यस नगरपालिकाको वडा नं १६ मा पर्दछ ।

**देवीको मन्दिर :** यस स्थानमा कालिका देवीको मन्दिर भएको हुनाले यस स्थानको नाम देवीको मन्दिर रहन गएको पाइन्छ । यो स्थाननाम यस नगरपालिकाको वडा नं १५ मा पर्दछ ।

**नारायण मन्दिर (लाटीकोइली) :** यो वी.न.पा. १० लाटीकोइलीमा अवस्थित छ। वीरेन्द्रनगरको शिव मन्दिर र काँक्रेविहारबाट आउने सडकको सङ्गम चौकमा यस मन्दिरको स्थापना भएको थियो। करिब १.५ कठ्ठा जमिनमा तारबार गरी सुरक्षित गरिएको छ। हाल मन्दिरमा हुने धार्मिक गतिविधिमा वृद्धि भएको पाइन्छ। यस मन्दिरमा पूजाआजा गरिदै आएको छ।

**पाथिभरा मन्दिर :** सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ३ तातापानीमा पाथीभरा मन्दिर रहेको छ। त्यहाँ आश्रमको पनि व्यवस्था भएकाले ६/७ जना माताहरू र पूजारी बस्दछन्। त्यस मन्दिरमा दैनिक बिहान बेलुका पाठपूजा हुन्छ। स्थानीय व्यक्तिहरूको आस्था र विश्वासका रूपमा पाथीभार मन्दिर रहेको छ। त्यहाँ प्रत्येक दिन पाठ पूजा हुन्छ।

**पातलगङ्गा :** वीरेन्द्रनगर नगरपालिकाको वडा नं. १० मा अवस्थित यस धार्मिक स्थलको एक ऐतिहासिक महत्त्व रहेको छ। पातालबाट बगेर आ एको गङ्गा भएकाले पातलगङ्गा भनिएको पाइन्छ। उक्त पातालगंगामा मकर संक्रान्तिका दिनमा मेला लाग्छ। पातलगङ्गामा गणेश र भैरवका मूर्तिहरू छन्। आफ्नो इच्छा पूरा भएपछि कबुल गरे मुताविक भोग दिने चलन छ।

**भैरवमन्दिर (भैरवस्थान) :** पहिला गोठीकाँडामा रहेको भैरवमन्दिर महत्वपूर्ण मन्दिरको रूपमा रहेका थियो। यसै क्रममा औलोका कारणले गोठिकाँडाबाट हिउँदे मौसममा वर्षेबाली भित्र्याउने क्रममा मानिसहरू उपत्यकामा गई बस्ने गर्दथे। हिउँदमा उपत्यकामा बस्दा भैरवको पूजा गर्न यस मन्दिरको स्थापना गरेका थिए। यस मन्दिरमा हाल निरन्तर रूपमा पूजाआजा हुँदै आएको छ। यो वी.न.पा. ४ भैरवस्थानमा रहेको छ।

**मष्टो शिवालय:** वीरेन्द्रनगर नगरपालिकाको वडा नं. ११ रत्न राजमार्ग नजिक गाग्रेताल डाँडामा मष्टोशिवालय रहेको छ। मस्टो भनेको विशेष गरी नेपालको पश्चिमी भागमा खस क्षेत्री र कतिपय बाहुनहरूले मान्ने कुल देवतालाई भनिन्छ (अधिकारी र भट्टराई: २०६८: पृ. ७९०) यसमा भगवान शिवको मूति स्थापना गरिएको छ।विशेष गरी शिवरातत्रिको दिनमा मेला नै लाग्दछ र भक्तजनहरूको भिड हुन्छ। प्रत्येक दिनमा बिहान र बेलुका पाठ पूजा गरिन्छ। हिन्दु धर्मावलम्बीहरूको विशेष आकर्षणको केन्द्र रहेको छ।

**मंगलगढीमाई :** सुर्खेत जिल्लाको वीरेन्द्रनगर न.पा.वडा नं. ९ अन्तर्गत रत्नराजमार्गको दक्षिणमा पर्ने नेपाली सेनाको व्यारेकको हाताभित्र रहेको मंगलगढी माईको पुरानो मन्दिर छ। यो मन्दिरको चारैतिररहेको जलदुर्गको निर्माण कसद्वारा र कहिले गरियो स्पष्ट रूपमा भन्न नसकिए तापनि यो बौद्धमार्गीहरूबाट भएको किंबदन्ती रहेको छ। हाल यस मन्दिरमा धूप, दीप, नैवेद्य, बस्त्र, फलफूल भेटी चन्दन र बली चढाइ खास गरेर बडादशैं र चैते दशैंमा पूजापाठ गर्ने गरिन्छ।

**मदरसा र मस्जिद :** यो वीरेन्द्रनगर न.पा. वडा नं. १० मा अवस्थित छ। काठमाडौको क्षेत्रपाटीबाट लामो समयसम्म बाग्लुङको बलेबामा आई बसोवास गरेका नेपाली मूलका मुस्लिम समुदायहरूको मस्जिद हो। हाल यिनीहरू वी.न.पा. १० मा बसोवास गरिरहेका छन्। तत्कालीन अवस्थामा दैलेखमा आवादी पातलो मात्र नभई एउटा प्रहरी चौकी र एउटा मात्र पसल भएको रम्जान बक्सका नातेदारहरू बताउने गर्दछन्। यसरी दैलेखबाट बसाइ सरी आएर उनीहरूले वि.सं. १९६० तिर बसोवास गरेको पाइन्छ। फलस्वरूप उनीहरूले २०२२ सालमा मस्जित बनाउने योजना बनाई यस मस्जितको स्थापना गरेको पाइन्छ। हालसम्म यहाँ हरेक मुसलमानहरूले शुक्रबार नमाज पाठ गर्ने गर्दछन्।

**बेथोल चर्च :** बेथोल चर्चा वी.न.पा. ३ मा पर्दछ। चर्च भनेको इसाईहरूको उपासना गर्ने सार्वजनिक भवन गिर्जाघर हो (प्रज्ञा-नेपाल ,२०७९: पृ.५८२)। यसमा क्रिश्चीयनहरूले पूजाआजा गर्ने गर्दछन्। शनिबारका दिन चर्चहरूमा गई पूजा गर्ने प्रचलन रहेको छ। यो भवन ठुलो हलका रूपमा स्थापित गरिएको छ।

**लक्ष्मीनारायण मन्दिर :** सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ अन्तर्गत गाग्रेताल डाँडामा लक्ष्मी नारायणको मन्दिर स्थापना गरिएको छ। उक्त मन्दिरमा तीन ओटा मूर्तिहरू रहेका छन्। ती मूर्तिहरू भगवान नारायण र लक्ष्मी माताका रहेका छन्। यस मन्दिरमा प्रत्येक दिन बिहान बेलुका पाठ पूजा र आरती हुन्छ। विशेष गरी बैश्णव सम्प्रदायको उपस्थिति हुने यो मन्दिर हिन्दू धर्मावलम्वीहरूको आस्थाको केन्द्र हो। यस मन्दिरको नजिकबाट सुर्खेत उपत्यकाका अधिकांश दृश्य र वस्ती देख्न सकिन्छ।

**राधा कृष्ण मन्दिर :** राधा र कृष्ण भगवानको नामबाट बनाइएको यो मन्दिरको नाम राधा कृष्ण रहन गएको पाइन्छ। यस मन्दिरमा दैनिक पाठ पूजा हुन्छ। यो मन्दिर नगरपालिकाको वडा नं ८ मा पर्दछ। यस मन्दिरमा श्रीकृष्णाष्टमीका दिनमा विशेष मेला लाग्दछ।

**शिवालय चोक :** यो ठाउँमा शिव भगवानको मन्दिर बनाइएकोले यस स्थानको नाम शिवालय चोक रहन गएको पाइन्छ। यो स्थान यस नगरपालिकाको वडा नं ७ मा पर्दछ।

**त्रिपुरेश्वर :** यस ठाउँमा त्रिपुरेश्वर महादेवको मन्दिर भएकोले यस स्थानको नाम नै त्रिपुरेश्वर रहन गएको पाइन्छ। यो स्थाननाम यस नगरपालिकाको वडा नं १ मा पर्दछ।

**शिव मन्दिर (धुलियाविट) :** सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ११अन्तर्गत धुलियाविटमा शिवमन्दिर रहेको छ। यस मन्दिरका भगवान शिवको मूर्ति स्थापना गरिरहेको छ। यस मन्दिरमा उक्त स्थाननाम शिव रात्रिको दिनमा पूजा आजा गर्नेको भीड हुन्छ। अन्य दिनमा पनि पूजा हुन्छ। यसको नजिकै वृद्धाश्रमको भवन भएकाले समय समयमा भजन किर्तनहरू भइरहन्छन्। विशेष गरी यो हिन्दूहरूको आस्थाको केन्द्र रहेको मन्दिर हो।

**शिवालय (बतासे डाँडा) :** वीरेन्द्रनगर नगरपालिका वडा नं. १३ अन्तर्गत बतासे डाँडामा शिवालय रहेको छ। त्यहाँ गणेश र शिवजीको मूर्ति स्थापना गरिएको छ। शिवको पूजा अर्चना गरिन्छ। विशेष गरी शिवरात्रिको दिन र तिजको दिन भक्ताजनहरूको भीडभाड हुने गर्दछ।

**रहरपुर शिवालय मन्दिर :** यो मन्दिर वी.न.पा. वडा नं.१० मा अवस्थित छ। करिब ३ कठ्ठामा फैलिएको यो मन्दिर ऐलानी जग्गामा रहेको छ। गाउँलेहरूको सहयोग र सक्रियतामा निर्माण भएको हो। यस मन्दिरको लम्बाइ र चौडाइ ६/६ फिट रहेको र उचाइ १२ फिट छ। यस मन्दिरमा हाल निरन्तर पूजाआजा हुँदै आएको छ।

**रामजानकी मन्दिर (धुलियाविट) :** वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ को धुलियाविट डाँडामा रामजानकी मन्दिरको स्थापना गरिएको छ। राम र सीताको मूर्ति राखिएको उक्त मन्दिरमा दैनिक बिहान बेलुका पूजा हुन्छ। विशेष गरी रामनवमीको दिन मेला लाग्दछ र दर्शन र पूजा गर्ने भक्तजनहरूको भरिभराउ हुन्छ।

**राम मन्दिर (बजार):** वीरेन्द्रनगर नगरपालिकाको वडा नं. ६ बजार क्षेत्रमा राम मन्दिर निर्माण गरिएको छ। आरग्यदेव श्रीरामको मूर्ति स्थापना गरिएको उक्त मन्दिरमा दैनिक भक्तजनहरूको उपस्थिति हुने गर्दछ। उक्त मन्दिरमा दैनिक पाठपूजा र आरति हुन्छ। उक्त मन्दिरमा विवाह कर्मका लागि मानिसहरू आउने गर्दछन्। विशेष गरी राम नवमीको दिन भक्तजनहरूको भिड हुन्छ।

**राधारकृष्ण मन्दिर (बजार):** वीरेन्द्रनगर नगरपालिकाको वडा नं. ६ बजार क्षेत्रमा राधाकृष्ण मन्दिरको स्थापना गरिएको छ। उक्त मन्दिरमा दैनिक विहान बेलुका पाठपूजा र आरती गरिन्छ। प्रायः दैनिक भजन किर्तन श्रीकृष्णष्टमीको दिनमा ठुलो मेला लाग्दछ र दर्शनार्थीहरूको घुइँचो हुन्छ।

**राधाकृष्ण मन्दिर (कालुङचौक) :** यो मन्दिर वी.न.पा. ८ मा पर्दछ। यसको स्थापना २०२९ सालमा भएको थियो। यस मन्दिरको स्थापना गर्न विभिन्न स्थानीयबासीको सहयोग प्राप्त भएको थियो। यस मन्दिरमा हाल दैनिक रूपमा पूजाआजा हुँदै आएको छ। यस मन्दिरको लम्बाइ र चौडाइ ६६ फिट र बरण्डा ९ फिट रहेको छ।विशेष गरी श्रीकृष्णाष्टमीका दिनमा मेला लाग्ने र भक्तजनहरूको भीड हुन्छ।

**राधाकृष्ण मन्दिर (पर्सेनी, धर्मपुर):** यो मन्दिरको एक विगाह क्षेत्रफलमा फैलिएको छ। यस मन्दिरको उचाइ १२ फिट र लम्बाइ १० फिट उचाइ रहेको छ। बिहान बेलुका निरन्तर आराधना गर्ने गरेको पाइन्छ। हिन्दू धर्मावलम्बीहरूले पूजाआजा गर्ने मन्दिरका रूपमा यो राधाकृष्ण मन्दिर रहेको छ।

**शिवालय (वी.न.पा. ४) :** सुर्खेत जिल्ला वीरेन्द्रनगर नगरपालिका वडा नं. ४ जिरो ड्याममा रहेको शिवालय हो। सहिद पार्कको नजिक भएकाले आन्तरिक पर्यटकहरू आउने गर्दछन्। रमणीय, सुन्दर, शान्त वातावरण भएको उक्त शिवालयमा शिव लिङ्ग स्थापना गरिएको छ। बाहिर नन्दीको मूर्ति राखिएको छ। शिवरात्रिका दिन विशेष मेला तथा भक्तजनहरूको जमघट हुन्छ। उक्त स्थानमा प्रत्येक दिन बिहान बेलुका पाठ पूजा र आरती हुन्छ। यस शिवालयको वरिपरि अन्य मन्दिरहरू निर्माण गर्ने योजना रहेको छ।

**शिव मन्दिर (गणेशचोक)**

वीरेन्द्रनगर नगरपालिका वडा नं. ६ को गणेश चोकमा पनि एउटा शिव मन्दिर रहेको छ। यस मन्दिरको स्थापना २०२८ सालदेखि सुरु भएको थियो। यस मन्दिरमा विभिन्न स्थानीयहरूले जग्गा दान गरी स्थापनारेका थिए। यस मन्दिरको उचाई ३५ फिट छ। मन्दिरमा दैनिक जलाधार गरिन्छ भने ४ बजेपछि पूजा आराधना गरिन्छ। भक्त श्रद्धालुहरूले दान दाइजो गरेको भरमा एक जना पुजारीको पनि व्यवस्था गरिएको छ।

**शिव मन्दिर (लालिकोइली)**

यो वी.न.पा. १० लाटिकोइलीमा पर्दछ। यो मन्दिर सुर्खेत उपत्यकाको बिच भागको दक्षिणमा अवस्थित छ। उक्त क्षेत्रमा गर्मी याममा पश्चिमतर्फबाट बहने हावाले शीतलता प्रदान गर्दछ। यो मन्दिरको निर्माण आत्मनाथ र लंगनाथ भन्ने योगी महापुरुषले गराएको भन्ने कुरा मन्दिरको माथि कुँदिएको शिलालेखमा अङ्कित छ। यो मन्दिर शाके सम्बत १५०४ मा निर्माण गरिएको हो। यस मन्दिरमा शिवजीका विभिन्न मूर्तिहरू राखिएका छन्। हाल विभिन्न भक्तजनहरू पूजा आजा गर्ने गर्दछन्। शिवरात्रिका दिन भव्य मेला लाग्दछ।

सङ्कलित तथ्याङ्कहरूबाट स्पष्ट हुन्छ कि धार्मिक स्थाननामहरू प्रायः मन्दिर, धार्मिक स्थल, वा पूजास्थानसँग प्रत्यक्ष सम्बन्धित छन्। अम्बिकादेवी मन्दिर, कालिका मन्दिर, कृष्ण मन्दिर, शिव मन्दिर, राम मन्दिर आदि नामहरूले हिन्दू देवीदेवताप्रतिको गहिरो आस्था झल्काउँछन्। साथै, मदरसा, मस्जिद, र चर्च जस्ता स्थाननामहरूले इस्लाम र इसाई धर्मावलम्बीहरूको उपस्थिति र धार्मिक अभ्यासको पनि सङ्केत गर्दछन्।

यसले वीरेन्द्रनगर क्षेत्र धार्मिक सहिष्णुता र विविधताको प्रतिनिधित्व गर्ने स्थान हो भन्ने देखाउँछ । देउती बज्यै, पातलगङ्गा, भैरवस्थान, जस्ता नामहरू जनश्रुति र किम्बदन्तन्तिबाट उत्पन्न भएका छन्। यस्ता नामहरू ऐतिहासिक र पौराणिक कथनमा आधारित छन् जसले स्थानको नामकरण प्रक्रिया मात्र होइन, स्थानीय जनजीवन र सामाजिक स्मृतिको निरन्तरतासमेत देखाउँछ ।

केहि स्थाननामहरू जलस्रोत, डाँडा, चोक वा प्राकृतिक संरचनासँग सम्बन्धित भएकाले वातावरणीय विशेषता र धार्मिक आस्थाबिचको सम्बन्ध प्रकट गर्छन् । धेरै मन्दिरहरू स्थानीय समुदायको सहयोग र सहभागितामा स्थापना भएको पाइन्छ;जस्तै, रहरपुर शिवालय, राधाकृष्ण मन्दिर (कालुङ्चोक), गणेश मन्दिर (चिसापानी) आदि। यसले स्थाननाम र धार्मिक संरचना निर्माणमा जनसहभागिताको महत्त्व दर्शाउँछ । साथै विभिन्न जातीय र धार्मिक समुदायको आआफ्नो धार्मिक स्थल स्थापना गर्नु ( मुस्लिमहरूको मस्जिद र इसाईहरूको चर्च) ले समुदायको धार्मिक स्वतन्त्रता र समावेशीताको द्योतक हो । काँक्रेविहार, देउती बज्यै, बुलबुले गायत्री मन्दिर, जस्ता स्थानहरू पर्यटकीय दृष्टिकोणले समेत महत्वपूर्ण छन् । यस्ता स्थानहरू धार्मिक तथा पर्यटकीय नामद्वारा चिनिन्छन् र पर्यटनमार्फत धार्मिक स्थलहरूको सामाजिक-आर्थिक योगदानसमेत देखाउँछन् ।

## निष्कर्ष

वीरेन्द्रनगर नगरपालिकाका धार्मिक स्थाननामहरू विशुद्ध रूपमा धार्मिक आस्था, पौराणिक मान्यता, भौगोलिक अवस्थिति र सामाजिक संलग्नता आधारित छन् । यी नामहरू केवल चिनारी मात्र होइनन्, स्थानीय पहिचान, ऐतिहासिक स्मृति, तथा सांस्कृतिक सम्पदाका प्रतीक हुन् । प्रस्तुत लेख वीरेन्द्रनगर नगरपालिका धार्मिक स्थाननामहरू सङ्कलन गरी त्यसको सामान्य परिचय दिइएको छ । वीरेन्द्रनगर नगरपालिकाभित्र रहेका धार्मिक स्थाननामहरूको विश्लेषणले देखाउँछ कि यी नामहरू केवल भौगोलिक सङ्केत मात्र नभई स्थान विशेषको ऐतिहासिक, सांस्कृतिक, सामाजिक र धार्मिक चेतनाको समुच्च अभिव्यक्ति हुन् । अम्बिकादेवी, कालिका, गणेश, कृष्ण, राम, राधाकृष्ण, शिव, त्रिपुरेश्वर, नारायण, लक्ष्मी, पाथीभरा, गायत्री लगायतका देवी देवतासँग सम्बन्धित मन्दिरहरूको नाम तथा विवरणले हिन्दू धर्ममा गहिरो आस्था रहेको देखाउँछ ।

यस क्षेत्रका स्थाननामहरू मौखिक परम्परा, जनश्रुति, किम्बदन्ति, ऐतिहासिक स्मृति र स्थानीय विश्वासमा आधारित छन्। देउती बज्यै, मष्टो शिवालय, भैरवस्थान, जलेश्वर, पातलगङ्गा जस्ता स्थानहरू ती परम्परागत जनश्रुतिहरूबाट प्रेरित छन्, जसले स्थानको सांस्कृतिक गहिराइलाई उजागर गर्दछ । त्यस्तै इस्लाम धर्मसम्बन्धी मस्जिद, इसाई धर्मसम्बन्धी चर्चले वीरेन्द्रनगरको धार्मिक सहिष्णुता र विविधता दर्शाउँछ। यी स्थानहरूको नाम मात्र नभई तिनको धार्मिक तथा सामाजिक प्रयोगले नगर क्षेत्रको जीवनशैली, जातीय र धार्मिक सहअस्तित्वको चित्र प्रस्तुत गर्छ । धार्मिक स्थाननामहरू समयक्रमसँगै स्थायीत्व प्राप्त गरेका छन् र स्थानीय समुदायको धार्मिक गतिविधि, सांस्कृतिक पहिचान र ऐतिहासिक सम्पत्तिको संवाहकका रूपमा रहिआएका छन् । यी स्थानहरूको संरक्षण, प्रवर्द्धन र अध्ययनले स्थानीय इतिहास र मौलिक पहिचानको सम्वर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ ।

## लेखक परिचय

रामप्रसाद कँडेल मध्यपश्चिम विश्वविध्यालयमा नेपाली शिक्षा केन्द्रीय विभागका उपप्राध्यापक हुनुहुन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज र वद्रिविशाल भट्टराई (२०६८ ), *प्रयोगात्मक नेपाली शब्दकोश*, काठमाडौं: विद्यार्थी प्रकाशन प्रा.लि. ।

जिल्ला विकास समिति (२०५३*), सुर्खेत दर्पण, सुर्खेत*: जिल्ला विकास समितिको कार्यालय ।

पाण्डे, हुमाकान्त (२०८०*), कर्णाली प्रदेशका केही धार्मिकस्थलहरूको सामान्य परिचय*, अप्रकाशित कार्यपत्र ,२०८१ कार्तिक-३, सुर्खेत ।

नेपाल-प्रज्ञा प्रतिष्ठान (२०७९*),प्रज्ञा नेपाली बृहत् शब्दकोश*, काठमाडौं: कमलादी ।

राना, खड्गबहादुर (२०७४), *सुर्खेत चिङ्गाड क्षेत्रका स्थाननाम शब्दकोश*, (अप्र.स्नातकोत्तर तहको शोधपत्र), सुर्खेत: सुर्खेत क्याम्पस (शिक्षा) ।

रोकाया, रणसुर (२०७५), *हुम्ला जिल्ला अदानचुली क्षेत्रका स्थाननामशब्द कोश*, (अप्र.स्नातकोत्तर शोधपत्र),सुर्खेत: नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. सुर्खेत क्याम्पस (शिक्षा) ।

सिंह, प्रियंका (२०६८), *स्थाननाम और संबन्धित शास्त्र*, गवेषण भारत केन्द्रीय हिन्दी संस्थान ।

सिंह, प्रिङ्का (२०११*), स्थाननाम और सम्बन्धितशास्त्र*, इलाहवाद : गबेषण (पृ.१५१–१५५), भारत केन्द्रीय हिन्दी संस्थान ।

सुनार, चन्द्राकुमारी (२०७४ ), *गुर्भाकोट नगरपालिकाको स्थाननाम शब्द कोश*, (अप्र.स्नातकोत्तर शोधपत्र),सुर्खेत: नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. सुर्खेत क्याम्पस (शिक्षा) ।

श्रेष्ठ, कृष्णप्रकाश (२०४४), *स्थाननाम कोश*, काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, कृष्णप्रकाश (२०६७*), नेपाली स्थाननाम कोश*,काठमाडौं: हिमाल किताब प्रकाशन ।